# नेपाल राष्ट्र बैंक

सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग
वालुवाटार, काठमाण्डौं

## होटलसँग सेवा खरिदका लागि सिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रकाशित मितिः २०८२/०९/२८

नेपाल राष्ट्र बैंकका कर्मचारीहरु काठमाण्डौं आउँदा बास बस्न आवश्यक अतिथि गृहको लागि होटलसँग आवश्यकता अनुसारको सेवा खरिद गर्न नेपाल राष्ट्र बैंक खरिद विनियमावली २०७१ (पाँचौ संशोधनसमेत) को विनियम ९१ बमोजिम अतिथिगृह सेवा करारमा लिनुपर्ने भएकोले इच्छुक होटल/अतिथि गृह/गेष्ट हाउसहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र कार्यदिनभित्र रीतपूर्वक सिलबन्दी प्रस्ताव पेश गर्न आव्हान गरिएको छ ।

**(क) प्रस्ताव पेश गर्नुपर्ने कार्यालयको नाम र ठेगाना कार्य सम्पादन जमानत सम्बन्धी व्यवस्था :**

१. फाराम दस्तुर बापतको रकम रु. १,०००/- (अक्षरेपि एक हजार मात्र) (पछि फिर्ता नहुने) नेपाल राष्ट्र बैंक, बैंकिङ विभाग, थापाथलीस्थित अन्य विविध आय हिसाव खाता नं. ११०००००/०३०/०१२/५२४ मा नगद जम्मा गरी मिति २०८२/१०/१३ गते दिउँसो १२:०० बजेसम्म यस विभागबाट फाराम खरिद गर्न सकिनेछ ।

२. बैंकबाट खरिद गरेको सक्कलै प्रस्ताव फाराम भरेर आवश्यक कागजात संलग्न गरी मिति २०८२/१०/१३ गते दिउँसो १:०० बजेभित्र सिलबन्दी गरी यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, वालुवाटार, काठमाण्डौंमा दाखिला गरी सक्नु पर्नेछ ।

३. प्राप्त प्रस्तावहरु मिति २०८२/१०/१३ गते दिउँसो २:३० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिहरुको उपस्थितिमा बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, वालुवाटारमा खोलिनेछ । प्रस्ताव खोलिने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पुगेको मानिने छैन ।

४. प्रस्ताव पेश गर्ने अन्तिम दिन/खोल्ने दिनमा सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन तोकिएको समयसम्म प्रस्ताव बुझ्ने/खोलिनेछ ।

५. फर्म वा कम्पनीको तर्फबाट प्रस्ताव पेश गर्दा प्रोप्राईटर, सञ्चालक वा अख्तियार प्राप्त व्यक्तिले फारामको प्रत्येक पानामा दस्तखत गरी आफ्नो छाप समेत अनिवार्यरुपमा लगाउनु पर्नेछ ।

६. प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । रीत नपुगेको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

७. स्वीकृत प्रस्तावदाताले सम्झौता गर्न आउने पत्र प्राप्त भएको मितिले सात दिनभित्र यस विभागसँग सम्झौता गर्नु पर्नेछ ।

८. सम्झौता गर्न आउने पत्र प्राप्त भए पश्चात् बैंक जमानत वापत रु.५०,०००।- (अक्षरेपि पचास हजार मात्र) नेपाल राष्ट्र बैंक, बैंकिग विभाग, थापाथलीस्थित सण्ड्री क्रेडिटर्स हिसाव नं. ११०९९०१/०११-२०३-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर वा वाणिज्य बैंक वा वित्तीय संस्थाले कम्तीमा ३० महिना मान्य अवधि रहने गरी यस बैंकको पक्षमा जारी गरेको जमानत सहित सात दिनभित्र यस विभागमा आई सम्झौता गर्नु पर्नेछ ।

**(ख) सेवाको प्रकृति र परिमाण :** यस बैंकका कर्मचारीहरु कामको सिलसिलामा काठ्माण्डौं आउँदा बास बस्नको लागि गुणस्तरयुक्त अतिथि गृह सेवा आवश्यक रहेको । यस बैंकका लागि आवश्यकता अनुसार संख्यामा कोठाहरुको व्यवस्थापन गर्नुपर्ने ।

**(ग) सेवा लिन खोजेको होटल/अतिथि गृह/गेष्टहाउस भवनको प्रकृति तथा सुविधाहरु देहाय बमोजिम हुनुपर्नेछ । सो सुविधाहरुलाई भाराङ्कको आधारमा मूल्यांकन गरिनेछ ।**

९. अतिथिगृह/होटल यस बैंकको वालुवाटार र थापाथलीस्थित कार्यालय आसपास, महाराजगञ्ज, धुम्बराही, चाबहिल, गौशाला, एअरपोर्ट, सिनामंगलसम्म चक्रपथ (रिङ्गरोड) को १ किलोमिटरसम्मको क्षेत्रमा अवस्थित रहेको हुनुपर्ने ।

१०. होटल आर.सि.सि संरचनासहित बलियो हुनुपर्ने । होटल परिसर सफा, स्वच्छ र सुरक्षित एवम् नियमित रुपमा उचित मर्मत सम्भारको व्यवस्था भएको हुनुपर्ने ।

११. होटलमा कम्तीमा तीनवटा चारपांग्रे सवारी साधनको पार्किङको व्यवस्था हुनुपर्ने ।

१२. होटलबाट उपलब्ध हुने सेवा सुविधाको जानकारी सम्बन्धी विवरण होटलको लबीबाट सहजै प्राप्त हुने व्यवस्था हुनुपर्ने ।

१३. होटलमा चौबीसै घण्टा स्टाफ सहित गेष्टलाई चेक इन, चेक आउट तथा रिसेप्सनको व्यवस्था भएको हुनुपर्ने ।

१४. सुरक्षाकर्मीको व्यवस्था भएको हुनुपर्ने ।

१५. होटलमा नियमित विद्युत आपूर्ति र सोको वैकल्पिक व्यवस्था भएको हुनुपर्ने ।

१६. होटलमा प्रयोग हुने पानी प्रशोधित एवमं शुद्ध हुनुपर्ने ।

१७. प्रत्येक कोठामा बस्ने हरेक गेष्टका लागि कम्तीमा दैनिक प्रति व्यक्ति १ लिटर शुद्ध पिउने पानीको व्यवस्था हुनुपर्ने ।

१८. सम्बन्धित स्थानीय तहको स्वीकृत मापदण्ड अनुसारको फोहोर मैलाको उचित व्यवस्थापन हुनुपर्ने ।

१९. हरेक कोठामा डस्टबिनको अनिवार्य व्यवस्था गरेको हुनुपर्ने ।

२०. होटलको लबीमा कम्तीमा ५ जना मानिसहरु बस्ने व्यवस्था भएको हुनुपर्ने ।

२१. लबीमा सोफा, कुर्सी र चिया टेबल राखिएको हुनुपर्ने ।

२२. लबीको नजिक आधुनिक शौचालयको व्यवस्था भएको हुनुपर्ने ।

२३. प्रत्येक कोठामा अनिवार्य रुपमा इन्टरनेटको सुविधा उपलब्ध हुनुपर्ने ।

२४. प्रत्येक कोठामा अनिवार्य रुपमा एटेच्ड वाथरुम उपलब्ध हुनुपर्ने ।

२५. प्रत्येक कोठामा झ्याल भएको हुनुपर्ने ।

२६. प्रत्येक कोठामा एयरकन्डिसन सुविधा उपलब्ध हुनुपर्ने ।

२७. कोठामा अनिवार्य रुपमा टेलिफोन, रिमोटले चल्ने टिभी र टिभीमा नेपाली तथा विदेशी च्यानलको व्यवस्था भएको हुनुपर्ने ।

२८. प्रत्येक कोठामा मोबाईल, ल्यापटप लगायत विद्युतीय उपकरण चार्जिङ्गको व्यवस्था भएको हुनुपर्ने । बिजुली प्लगको व्यवस्था हुनुपर्ने । कोठामा ऐनाको व्यवस्था भएको हुनुपर्ने ।

२९. प्रत्येक कोठामा वर्किङ्ग/स्टडि टेवल तथा कुर्सीको व्यवस्था हुनुपर्ने ।

३०. कोठामा इलेक्ट्रिक जग, कपका साथै दैनिक रुपमा चिया/कफीको प्याकेट र चिनीको व्यवस्था भएको हुनुपर्ने ।

३१. वाथरुममा आवश्यक धारा, सावर, वास वेसिन, ऐना, तातो तथा चिसो पानी, ह्याण्ड वाश, सफा टावेल, ट्वाइलेट पेपर, ब्रस तथा मञ्जन, चप्पल आदिको व्यवस्था भएको हुनुपर्ने ।

३२. भुइँतल्ला सहित ३ तल्ला वा सो भन्दा बढी तल्ला भएको होटलमा चौबीसै घण्टा सञ्चालन हुने गरि लिफ्ट जडान भएको हुनुपर्ने । आपत्कालिन अवस्थाको लागि सम्पर्क टेलिफोन नम्बर र आवश्यक संकेत चिन्हहरु राखेको हुनुपर्ने ।

३३. सिंगल तथा डबल अकुपेन्सी बेड सहित एकै पटक कम्तीमा ४५ जना सुत्न मिल्ने गरी कोठा तथा बेडहरुको व्यवस्था भएको हुनुपर्ने ।

३४. होटलमा वस्ने प्रत्येक आगन्तुकका लागि चेक इन भन्दा अगाडि अनिवार्य रुपमा सफा Blanket को सेतो रङ्गको खोल, सेतो रङ्गको तन्ना र सेतो रङ्गको तकियाको खोल फेर्ने व्यवस्था अनिवार्य हुनुपर्ने । मौसम अनुसार सफा Blanket एवम् अतिरिक्त Blanket को व्यवस्था भएको हुनुपर्ने ।

३५. एकजना व्यक्ति वरावर २ वटा तकियाको व्यवस्था भएको हुनुपर्ने ।

३६. सेतो रङ्गको सफा ह्यान्ड टावेल, फेस टावेल, बाथ म्याट र बाथ टावेलको व्यवस्था भएको हुनुपर्ने ।

३७. नगद तथा विद्युतीय भुक्तानीको व्यवस्था हुनुपर्ने ।

३८. आकस्मिक अवस्थामा तुरुन्त प्राथमिक उपचार उपलब्ध हुने प्रबन्ध भएको हुनुपर्ने ।

३९. होटलको भौतिक संरचना पहुँचयोग्य, फरक क्षमता भएका व्यक्तिमैत्री हुनुपर्ने ।

४०. होटल परिसरमा रेष्टुरेन्ट सञ्चालन भएको हुनुपर्ने ।

**(घ) सेवा लिन खोजेको क्षेत्र वा स्थान (प्राथमिक्ता):** यस बैंकको वालुवाटार र थापाथलीस्थित कार्यालय आसपास, महाराजगञ्ज, धुम्बराही, चाबहिल, गौशाला, एअरपोर्ट, सिनामंगलसम्म चक्रपथ (रिङ्गरोड) को १ किलोमिटरसम्मको क्षेत्रमा अवस्थित रहेको हुनुपर्ने ।

**(ङ) सेवा शुल्क भुक्तानीका सर्त र करहरु :** होटल प्रयोग भएको दिन र संख्याको आधारमा मात्र मासिक रुपमा भुक्तानी गरिने साथै उक्त रकममा प्रचलित कानुन बमोजिमको कर कट्टा गरी सेवा प्रदायक संस्थाको खातामा भुक्तानी गरिने ।

**(च) प्रस्ताव पेश गर्ने तरिका र त्यस्तो प्रस्तावका साथ पेश गर्नुपर्ने न्यूनतम विवरणहरु :**

इच्छुक प्रस्तावकले बैंकबाट खरिद गरेको प्रस्ताव फाराममा विवरणहरु भरी सिलबन्दी गरी पेश गर्नुपर्नेछ । प्रस्तावका साथ निम्नानुसारको कागजातहरुको प्रतिलिपि संलग्न गरी पेश गर्नुपर्नेछ ।

१. फर्म/कम्पनी दर्ताको प्रमाणपत्र (नवीकरणसहित) ।

२. नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन महाशाखा वा सम्बन्धित सरकारी निकायको अनुमति/इजाजत ।

३. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र ।

४. आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर दाखिला गरेको प्रमाण वा आन्तरिक राजस्व विभागबाट प्राप्त एक्सटेन्सन पेश गरे/नगरेको ।

५. होटल रहेको घर/जग्गाको जग्गाधनी प्रमाण पुर्जा र घरको नक्सा विवरण साथै घर/जग्गा भाडामा लिइएको भए घर/जग्गा भाडाको सम्झौता पत्र ।

६. प्रस्तावदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको वा कालोसूचीमा नपरेको तथा सजाय पाएको वा कालोसूचीमा परेको भए सो फुकुवा भईसकेको सम्बन्धमा लिखित स्व-घोषणा पत्र ।

७. यस विभागबाट खरिद गरेको सक्कलै प्रस्ताव फाराम पूर्णरुपमा भरेर आवश्यक सबै कागजात सहित पेश गर्नुपर्ने । प्रति कोठाको सेवा शुल्क (सिंगल बेड अकुपेन्सी तथा डबल बेड अकुपेन्सीको छुट्टाछुट्टै दररेट) उल्लेख गर्नुपर्ने ।

**(छ) प्रस्ताव दाखिला गर्ने स्थान र अन्तिम मितिः** नेपाल राष्ट्र बैंक, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, वालुवाटार, काठमाडौंमा मिति २०८२/१०/१३ गते दिउँसो १:०० बजेभित्र प्रस्ताव दाखिला गर्नुपर्नेछ ।

**(ज) मुल्यांकनको आधारः** प्रस्तावकले उपलब्ध गराउने सेवा सुविधाहरु, स्थलगत अवलोकन र आर्थिक प्रस्तावलाई भाराङ्कको आधारमा मूल्यांकन गरिनेछ ।

**नोटः अन्य कुराहरु सिलबन्दी फाराममा उल्लेख भए बमोजिम हुने । थप जानकारीको लागि नेपाल राष्ट्र बैंक, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, वालुवाटार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ । सम्पर्कः ०१५-७१९६४१ (Ext.1171 , 1164), Email: kharid@nrb.org.np**